दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०६ | बुटवल | २०८३ साउन १९ गते, मंगलबार | नेपाल संवत ११४६ | Monday August 03, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## कोशी र मधेशका घटनाको छानबिन गर्न न्यायिक समिति गठन गर : कांग्रेस



बुटवल। नेपाली कांग्रेसले कोशी र मधेश प्रदेशमा भएका पछिल्ला घटनाको छानबिनका लागि सरकारसँग न्यायिक समिति गठनको माग गरेको छ।

सिंहदरबारस्थित दलको कार्यालयमा सोमबार बसेको संसदीय दलको बैठकले घटनाको छानबिनका लागि न्यायिक समिति गठन हुनु पर्ने माग गरेको हो।

बैठकमा सहभागी महामन्त्री प्रदीप पौडेलले सुनसरी, सिरहा, धनुषा र पर्सामा भएका घटनाको न्यायिक छानबिनका लागि समिति गठनको विषय प्रतिनिधिसभा र राष्ट्रियसभामा उठाउने जानकारी दिए।

'घटनाको छानबिन गरेर सत्यतथ्य सार्वजनिक गरिनुपर्छ। कानूनबमोजिम दोषीलाई कारबाही गर्ने स्थिति बन्नुपर्छ,' उनले भने-'त्यो विषय प्रतिनिधिसभा र राष्ट्रियसभामा नेपाली कांग्रेसले उठाउने छ। समिति बनाउनु पर्ने अडान नेपाली कांग्रेसले सभाहरूमा राख्ने छ।'

सुनसरी र सिरहामा भएको घटना गम्भीर रहेकाले कर्मकाण्डी समितिले छानबिन गर्न नसक्ने कांग्रेसको निष्कर्ष छ। 'त्यो गम्भीर घटना हो। घटनाको न्यायिक छानबिन हुनुपर्छ। स्वतन्त्र र निष्पक्ष ढंगबाट छानबिन हुनुपर्छ।'- महामन्त्री पौडेलले भने।

उनका अनुसार न्यायिक समिति गठनको विषय दलको बैठकको मुख्य प्रस्ताव थियो। 'प्रस्तावलाई प्रतिनिधिसभा र राष्ट्रियसभामा उठाउने र त्यसअनुसार समिति गठन गर्न दाबाब दिने, अरु विपक्षी दलहरूसँग पनि त्यसका बारेमा सहकार्य गर्ने भन्ने विषय बैठकबाट पारित भएको छ।'- पौडेलले भने।

बैठकले सरकारले गरेका कतिपय निर्णय संविधानको मर्म, भावना र विधिसम्मत प्रक्रियाविपरीत भएको उल्लेख गर्दै सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा सिफारिसलगायतका निर्णय कानुन र स्थापित विधिअनुसार गर्न सरकारलाई सचेत गराउने निर्णय पनि गरेको छ।

यस्तै, नागरिक, सांसद र संसदबीचको सम्बन्धलाई थप प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको 'नेपाली कांग्रेस संसदीय दल सांसद समन्वय सम्बन्धी कार्यादेश' पारित गरिएको छ। प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यका लागि स्वकीय सचिव नियुक्तिसम्बन्धी कार्यविधि, २०८३ पनि बैठकले पारित गरेको छ।

बैठकले कांग्रेसका वरिष्ठ नेता स्वर्गीय गोपालमान श्रेष्ठ, पूर्वमन्त्री राजेन्द्र खरेल तथा अन्य दिवंगत व्यक्तित्वहरूप्रति शोक प्रस्ताव पारित गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ।

## शाइन रेसुङ्गाले जित्यो बेस्ट डेभलपमेन्ट बैंक अवार्ड




बुटवल। शाइन रेसुंगा डेभलपमेन्ट बैंक लि.र नबिल बैंक लि.ले चौथो आइसीसी इमर्जिङ एसिया बैंकिङ अवार्ड जितेका छन्।

भारतको वाणिज्य तथा उद्योग क्षेत्रको प्रतिष्ठित संस्था इण्डियन चेम्बर अफ कमर्स (आइसीसी)ले नयाँदिल्लीमा गरेको चौथो आइसीसी इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवार्ड्स-२०२६ मा नबिलले बाणिज्य बैंकहरुतर्फ र शाइन रेसुंगाले विकास बैंकतर्फ बेस्ट बैंक अवार्ड जितेका हुन्।

शाइन रेसुङ्गाले बेस्ट डेभलपमेन्ट बैंक अवार्डसँगै बेस्ट पर्फर्मेन्स अन प्रोफिटेबिलिटी तथा बेस्ट पर्फर्मेन्स अन ग्रोथ गरी तीन विधामा अवार्ड प्राप्त गरेको छ।

यो उपलब्धिलाई नेपालको बैंकिङ उद्योगका लागि अन्तर्राष्ट्रिय स्तरमा प्राप्त महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। विशेषगरी विकास बैंकतर्फ शाइन रेसुङ्गाले एकैसाथ तीन विधामा उत्कृष्टता हासिल गर्नु नेपाली वित्तीय संस्थाहरूको सुशासन, वित्तीय अनुशासन, नाफा आर्जन क्षमता तथा दिगो वृद्धिको संकेतका रूपमा विश्लेषण गरिएको छ। शाइन रेसुङ्गा रुपन्देहीमा केन्द्रीय कार्यालय रहेको राष्ट्रियस्तरको विकास बैंक हो।

अवार्डका लागि इण्डियन चेम्बर अफ कमर्सको इकोनोमिक अफेयर्र्स एण्ड पोलिसी डिपार्टमेन्टले बिम्स्टेक राष्ट्रहरु नेपाल, भारत, बंगलादेश, भुटान, म्यानमार, श्रीलंका र थाइल्याण्डका बैंक तथा वित्तीय संस्थाहरूबाट खुलारूपमा आवेदन आह्वान गरेको थियो। यी दक्षिण एसियाली मुलुकका बैंक तथा वित्तीय संस्थाहरूले इमर्जिङ एसिया बैंकिङ अवार्ड-२०२६ का विभिन्न विधामा प्रतिस्पर्धा गरेका थिए। सहभागी संस्थाहरूको वित्तीय अवस्था, संस्थागत सुशासन, व्यवसाय विस्तार, नाफाको अवस्था, नवप्रवर्तन, ग्राहक सेवा तथा समग्र कार्यसम्पादनलगायतका विभिन्न सूचकका आधारमा मूल्याङ्कन गरिएको थियो।

अवार्ड छनोट प्रक्रिया अझ विश्वसनीय र पारदर्शी बनाउन प्राइस वाटरहाउस कूपर्स (पीडब्लुसी) का विज्ञहरू सम्मिलित स्वतन्त्र निर्णायक मण्डल (जुरी) गठन गरिएको थियो। विश्वव्यापी रूपमा 'बिग फोर' व्यावसायिक सेवा प्रदायक कम्पनीमध्ये एक मानिने पीडब्लुसीले १५० भन्दा बढी देश र करिब ७०० स्थानबाट सेवा प्रदान गर्दै आएको छ। अन्तर्राष्ट्रिय वित्तीय मूल्याङ्कन र लेखापरीक्षण क्षेत्रमा पीडब्लुसीको संलग्नताले पुरस्कारको विश्वसनीयता थप बलियो बनाएको आयोजकले जनाएको छ।

सन् १९२५ मा स्थापना भएको इण्डियन चेम्बर अफ कमर्स भारतको अग्रणी तथा राष्ट्रियस्तरको वाणिज्य मण्डल हो। दक्षिण एसियाली मुलुकहरूबिच व्यापार, लगानी, वित्तीय सहकार्य तथा आर्थिक साझेदारी प्रवर्द्धनमा सक्रिय आइसीसीले हरेक वर्ष बैंकिङ तथा वित्तीय क्षेत्रका उत्कृष्ट संस्थाहरूलाई सम्मान गर्दै आएको छ। नेपालका बैंकहरूले प्राप्त गरेको यो अन्तर्राष्ट्रिय सम्मानले देशको बैंकिङ प्रणालीप्रतिको विश्वास र विश्वसनीयता थप मजबुत बनाउने विश्वास गरिएको छ। शाइन रेसुंगाले यसअघि पनि अन्तर्राष्ट्रियस्तरको बैंकिङ अवार्ड जितेको छ।

बैंकका अध्यक्ष थानेश्वर पौडेल र प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले लगातार अन्तर्राष्ट्रियस्तरका अवार्ड जित्नुमा बैंकले स्थापनाकालदेखि नेपाल राष्ट्र बैंकको नीति निर्देशनको पूर्ण पालना, अपनाएको इथिकल बैंकिङ प्राक्टिस, वित्तीय अनुशासन, बैंकका कर्मचारी, ऋणी, बचतकर्ता र शुभेच्छुक सबैको बैंकप्रतिको सद्भाव र शुभेच्छाको प्रतिफल भएको भन्दै सरोकारवाला सबैमा कृतज्ञता व्यक्त गरेका छन्।

## वर्षायाममा पनि पर्यटक आगमन वृद्धि



बुटवल। पछिल्लो एक महिनामा ७१ हजार ७७५ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। वर्षायाममा पनि पर्यटकको संख्यामा कमि आएको छैन।

नेपाल पर्यटन बोर्डले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार, यो संख्या गत वर्षको जुलाई महिनाको तुलनामा २.३ प्रतिशत बढी हो। सन् २०२५ को जुलाईमा ७० हजार १९३ विदेशी पर्यटक नेपाल आएका थिए।

पर्यटन बोर्डका अनुसार जुलाईमा सबैभन्दा धेरै पर्यटक भारतबाट आएका छन्। भारतबाट २३ हजार ४९० पर्यटक आएका हुन्। यो कुल आगमनको ३२.७३ प्रतिशत हो।

त्यस्तै, गत महिना चीनबाट आउने पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको छ। चीनबाट ११ हजार ९९ पर्यटक भित्रिएका छन्। यो अघिल्लो वर्षको जुलाईमा आएको ६ हजार ८९० को तुलनामा ६१.०९ प्रतिशत बढी हो। सन् २०१९ को जुलाईमा चीनबाट १० हजार २१५ पर्यटक आएका थिए। यसरी चिनियाँ पर्यटक आगमन कोभिडपूर्व अवस्थाभन्दा ८.६५ प्रतिशत माथि पुगेको छ।

त्यसैगरी तेस्रो स्थानमा अमेरिका रहेको छ। अमेरिकाबाट जुलाईमा सात हजार ७५४ जना पर्यटक आएका छन्। यस्तै, बंगलादेशबाट चार हजार १७९, बेलायतबाट तीन हजार ७७३ र अस्ट्रेलियाबाट दुई हजार ४२८ जना पर्यटक नेपाल आएका छन्।

क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली मुलुकबाट आउने पर्यटकको संख्या सबैभन्दा बढी छ। जुलाईमा सार्क मुलुकबाट २९ हजार ७५५ पर्यटक नेपाल आएका छन्, जुन कुल आगमनको ४१.४६ प्रतिशत हो। तर, यो संख्या अघिल्लो वर्षको ३३ हजार ७८७ को तुलनामा ११.९३ प्रतिशत कम छ।

भुटानबाट आउने पर्यटकको संख्या ९९१ जना रहेको छ। पाकिस्तानबाट आउने पर्यटक ३.९४ प्रतिशतले बढेर ४७५ पुगेको छ। श्रीलंकाबाट ५८१ पर्यटक आएका छन् भने माल्दिभ्सबाट ३९ पर्यटक भित्रिएका छन्।

दक्षिण एसियाबाहेक अन्य एसियाली मुलुकबाट जुलाईमा १७ हजार ४२४ जना पर्यटक आएका छन्। यो कुल आगमनको २४.२८ प्रतिशत हो। अघिल्लो वर्षको जुलाईमा १३ हजार ५२ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

एशियाली मुलुकबाट आउने पर्यटकमा चीनपछि दक्षिण कोरिया रहेको छ। दक्षिण कोरियाबाट एक हजार ३९४, मलेसियाबाट एक हजार ३८०, जापानबाट एक हजार १११, भियतनामबाट ५७४, सिंगापुर र म्यानमारबाट समान ४३७ तथा थाइल्यान्डबाट ४२८ पर्यटक आएका छन्।

युरोपबाट जुलाईमा नौ हजार २७९ जना पर्यटक आएका छन्। कुल आगमनमा युरोपको हिस्सा १२.९३ प्रतिशत रहेको छ। युरोपमा बेलायतबाट तीन हजार ७७३, जर्मनीबाट ७२३, स्पेनबाट ६८१, फ्रान्सबाट ६४४, नेदरल्यान्ड्सबाट ५१४, पोर्चुगलबाट ४८९ र रूसबाट ४६७ जना पर्यटक आएका छन्।

अमेरिकी मुलुकबाट आठ हजार ८२४ जना पर्यटकले नेपाल भ्रमण गरेका छन्। ओसियानियाबाट दुई हजार ६०७ पर्यटक आएका छन्। मध्य-पूर्वबाट जुलाईमा ७३६ पर्यटक आएका छन्। अफ्रिकी मुलुकबाट भने जुलाईमा ३२४ पर्यटक नेपाल आएका छन्।

## तीन दिन भारी वर्षाको सम्भावना, सतर्कताको आग्रह

बुटवल। आगामी तीन दिन देशका विभिन्न स्थानमा वर्षा तथा केही क्षेत्रमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरिइएको छ।

जल तथा मौसम विज्ञान विभागले सोमबार देशका पहाडी भू-भागका एक-दुई स्थान तथा लुम्बिनी प्रदेशको तराईका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। कर्णाली प्रदेशका पहाडी क्षेत्र तथा लुम्बिनी प्रदेशका पहाडी र तराईका एक-दुई स्थानमा धेरै भारी वर्षा हुन सक्ने विभागको पूर्वानुमान छ।

विभागका प्रवक्ता विभूति पोखरेलका अनुसार विगत २४ घण्टामा देशका अधिकांश स्थानमा मध्यम वर्षा भएको छ भने केही स्थानमा भारीदेखि धेरै भारी वर्षा मापन भएको छ।

कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली, पहाडी तथा तराईका एक-दुई स्थान र लुम्बिनी प्रदेशका पहाडी तथा तराई क्षेत्रमा भारी वर्षाको सम्भावना रहेको छ। यस्तै, कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रका केही स्थानमा धेरै भारी वर्षा हुन सक्ने विभागद्वार मौसम बुलेटिनमा उल्लेख छ।

» बाँकी ३ पेजमा

## सरकारविरुद्ध आन्दोलनका लागि तयार रहनू : पोखरेल

बुटवल। नेकपा एमालेका महासचिव शंकर पोखरेलले शासकीय अनुभव नभएका मानिसहरू सरकारमा पुगेकाले देश संकटको अवस्थामा गुज्रिरहेको बताएका छन्।

पार्टीका प्रदेश कमिटीका पदाधिकारी र मिसन पार्टी जागरणका केन्द्रीय प्रतिनिधिहरूसँगको भर्चुअल बैठकलाई सम्बोधन गर्दै अहिले विभिन्न स्वार्थ समूहहरूले आफ्नो सक्रियता बढाइरहेको जिकिर गरे।

उनले भने-'सरकार सुरुदेखि पूर्वाग्रह र प्रतिशोधपूर्ण ढङ्गले अगाडि बढेको छ। यतिबेला नियम कानुन लत्त्याएर स्वेच्छाचारी शासन व्यवस्थातिर उन्मुख छ।'

उनले कुनै पनि बेला सडक आन्दोलनमा जानुपर्ने हुँदा तयार हुन पनि मातहत कमिटीलाई निर्देशन दिएका छन्।

## रोटरीको हरियाली अभियान सुरु




बुटवल। रोटरी क्लब अफ बुटवल साउथको आयोजना तथा रोट्र्याक्ट क्लब अफ बुटवल साउथका तथा रोट्र्याक्ट क्लब अफतिनाउ सिटीको सयुक्त पहल र सहकार्यमा रोटरी डिस्ट्रिक्ट ३२९२ को '१ लाख बिरुवा रोपण अभियान' अन्तर्गत दुई स्थानमा वृहत् वृक्षरोपण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

शुद्धोधन गाउँपालिकाको वडा नम्बर ५ दरबाहा भगवती मन्दिर तथा शुद्दोधन गाउँपालिकाको वडा नम्बर ७ मटेरिया स्थित जनता माध्यमिक विद्यालय परिसरमामा झण्डै २५० टिक तथा फलफूल प्रजातिका विरुवा रोपण गरिएको छ।

कार्यक्रममा शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्याल तथा विशेष अतिथिका रूपमा वडा ५ का अध्यक्ष चन्द्रभान चौधरी, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मनबहादुर बुढाथोकीका रोटेरियन, रोटर्याक्टर तथा स्थानीय समुदायको उत्साहजनक सहभागिता रहेको थियो। जनता माध्यमिक विद्यालय, मटेरिया र दरबहा भगवती मन्दिर परिसरमा वातावरण संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा भावी पुस्ताका लागि हरित वातावरण निर्माण गर्ने उद्देश्यले २०० बिरुवा रोपिएको थियो।

कार्यक्रममा सहभागीहरूले रोपिएका बिरुवाको संरक्षण र नियमित हेरचाह गर्ने प्रतिबद्धता समेत रोटरी क्लबका अध्यक्ष नित्यानन्द ज्ञवालीले गरेका थिए। कार्यक्रमको प्रारम्भमा रोट्र्याक्ट क्लब अफ बुटवल साउथकी अध्यक्ष रोशनी भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन्। रोटरी क्लब अफ बुटवल साउथका चार्टर प्रेसिडेन्ट रामचन्द्र आचार्यले वातावरण संरक्षणमा रोटरीकोभूमिकाबारे प्रेरणादायी सम्बोधन गरे। प्रमुख अतिथि गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्यालले गाउँपालिकाले आफ्नो पालिकाको ३ वटा पुरानो माललाई संरक्षण र पार्क व्यवस्थापन गर्न लागेको ले सो क्षेत्रमा समेत वृक्षरोपण गर्न आउन विभिन्न क्लब हरुलाई आह्वान गरे।

सचिव ज्ञानेन्द्र गिरीको सञ्चालनमा रहेको कार्यक्रममा सहसयोजन सुदिप पौडेल तथा रोटर्याक्ट क्लब अफ तिनाउ सिटीका अध्यक्ष आयूष सुवेदीले समेत मनतव्य राखेका थिए। यस अभियानमा ३८ जना रोटेरियन तथा ४२ जना रोट्र्याक्टरसहित ८० भन्दा बढी सहभागीहरूको सक्रिय सहभागिता रहेको थियो। वृक्षरोपणसँगै वातावरण संरक्षण, समुदाय सेवा तथा दिगो विकासप्रति सबैलाई जिम्मेवार बनाउने सन्देश प्रवाह गरिएको थियो।

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार श्रीवास्तव
अध्यक्ष

सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# न्यायिक समितिको सक्रियता

संविधानले स्थानीय तहलाई न्यायिक अधिकार दिएको छ। संवैधानिक प्रबन्धअनुसार, पालिकाको उप-प्रमुख र उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति छ। तीन सदस्यीय न्यायिक समितिले पालिकाभित्रका सानातिना विवादको उजुरी लिने र फैसला गर्ने अधिकार पालिकालाई छ। खासगरी स्थानीयस्तरका सानातिना विवाद मिलाउने काम स्थानीय सरकारलाई छ। न्यायिक अधिकार पालिकालाई दिँदा सानातिना विवाद हुँदा प्रहरी र अदालतमा पुग्ने प्रवृत्ति घटेको छ। यसले मेलमिलापको पहल स्थानीयस्तरमै हुने वातावरण बनेको छ।

प्यूठानको माण्डवी गाउँपालिकामा आर्थिक वर्ष २०८१।०८२ मा १४ वटा उजुरी परेकोमा १३ वटा मेलमिलापको माध्यमबाट फर्स्यौट भएका छन्। एउटा फर्स्यौट हुन बाँकी रहेको छ। एरावतीमा ६ उजुरी दर्ता भएकोमा पाँच फर्स्यौट भएका छन् भने एउटा फर्स्यौट हुन बाँकी छ। सरुमारानीमा २७ उजुरी दर्ता भएकामा १४ वटा मेलमिलाप भए। लगतकट्टा ६ वटा र फिर्ता २ वटा र फर्स्यौट हुन बाँकी ५ वटा छन्। यो तथ्याङ्कले स्थानीय तहमा न्यायिक समितिको काम प्रभावकारी देखिन्छ। नागरिक अदालत र प्रहरीमा धाउन पर्ने बाध्यता हटेको मात्र नभई परिवार र समाजमा मेलमिलापको वातावरण बनेको छ। सकेसम्म गाउँघरमै आपसी विवाद टुंग्याउने पहलकदमीले समाजमा द्वन्द्व व्यवस्थापनको सर्वोत्तम उपाय हो। तर न्यायिक समितिले अपेक्षाकृत काम गर्न नसकेको गुनासो आएका छन्। जनशक्तिको अभाव, न्यायिक समितिमा बजेट अभाव जस्ता विषय छन्। स्थानीय तहमा कानुन अधिकृत अनिवार्य हुनुपर्नेमा अहिलेसम्म कानुन अधिकृतको दरबन्दी छैन। कानुन अधिकृतको अभावमा मुद्दाको किनारा लगाउन कठिनाई भइरहेको अनुभव न्यायिक समिति संयोजकहरुले सुनाइरहेका छन्। अधिकांश पालिकाले न्यायिक समितिको क्षमता विकासका लागि बजेट विनियोजन र खर्च गर्न ध्यान दिइरहेका छैनन्। विकास भनेको सडक पूर्वाधार, खानेपानी र अन्य पूर्वाधारको काम हो भन्ने मानसिकता हटेको छैन।

न्यायिक समितिको सक्रियताले विवाद समाधान अझै छरितो र चुस्त गर्न सकिन्छ भन्ने चेत नआउँदा बजेट व्यवस्थापन हुन नसकेको हो। अझ कतिपय अवस्थामा लैङ्गिक दृष्टिले पनि टिप्पणी भइरहेका छन्। पालिकाको प्रमुख र अध्यक्ष अधिकांश पालिकामा पुरुष छन्। उपाध्यक्ष महिला छन्। महिला नै न्यायिक समितिको संयोजक हुँदा न्यायिक समिति प्राथमिकता नपारिएकाले पनि समस्या परेको मानिन्छ। त्यसो त बजेट उपाध्यक्षले पढ्ने व्यवस्था छ। बजेट उपाध्यक्ष र उपप्रमुखले पढ्ने भए पनि निर्णायक भूमिका प्रमुखको रहेकोले न्यायिक समिति ओझेलमा परेको देखिन्छ।

अहिले जे जति काम भएका छन्, ती काम सकारात्मक नै छन्। अब न्यायिक समितिको कामलाई गति दिने हो भने बजेटको व्यवस्थापन गरी न्यायिक समितिको क्षमता विकास र जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्छ।

# सेयर बजारमा सामान्य गिरावट, साढे ४ अर्बको कारोबार



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा साताको दोस्रो कारोबार दिन सोमबार झिनो गिरावट आएको छ। नेप्से परिसूचक १.२० अङ्कले घटेर २६८४.३३ विन्दुमा कायम भएको छ।

आज कुल ३४९ कम्पनीका १ करोड १४ लाख कित्ता सेयर ४ अर्ब ५७ करोड २० लाख ८४ हजार २३१ रुपैयाँ बराबरको कारोबार भएको छ।

कारोबारमा १२६ कम्पनीको सेयर मूल्य बढेको छ भने १४१ कम्पनीको मूल्य घटेको छ। बाँकी ७ कम्पनीको मूल्य भने स्थिर रहेको छ। बजार दिनभर उतारचढावपूर्ण रहँदै अन्ततः रातो रङमा बन्द भएको हो।

समूहगत आधारमा कुनै पनि परिसूचकमा ठुलो उतारचढाव देखिएन।

कारोबारमा इस्टर्न हाइड्रोपावर लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन्। यस कम्पनीको सेयर मूल्य १४.९९ प्रतिशतले बढेर प्रतिसेयर १५०५.६० रुपैयाँ पुगेको छ। रिलायन्स स्पिनिङ मिल्सको सर्वाधिक ७.४० प्रतिशत मूल्य घटेको छ।

कारोबार रकमका आधारमा आज रिलायन्स स्पिनिङ मिल्स अग्रस्थानमा रह्यो। यस कम्पनीको २७ करोड ६२ लाख ८७ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएकोको १९ करोड ४९ लाख र सप्तकोशी डेभलपमेन्ट बैंकको १७ करोड ६० लाख रुपैयाँको कारोबार भएको छ।

# कमजोर एमालेको जनआधार कसरी उठ्छ ?



**डी.आर. घिमिरे**

साथै आत्मसमीक्षा नेतृत्वबाट मात्र होइन, संगठनका सबै तहबाट सुरु हुनुपर्छ। वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय कमिटी सबैले आफ्ना कमजोरी सार्वजनिक रूपमा समीक्षा गर्ने, कार्यकर्ताको आलोचना सुन्ने र आवश्यक सुधार लागू गर्ने राजनीतिक संस्कृतिको विकास नगरी रूपान्तरण सम्भव छैन। लोकतान्त्रिक दलको जीवन शक्ति माथिको आदेशमा होइन, तलको विश्वासमा टिकेको हुन्छ।

राजनीतिक दलहरूका लागि निर्वाचनमा हार वा सरकारबाट बाहिरिनु अस्वाभाविक घटना होइन। लोकतन्त्रमा सत्ता परिवर्तन नियमित प्रक्रिया हो। तर सबै हार समान हुँदैनन्। केही हारले सरकार परिवर्तन गर्छन्, केहीले नेतृत्व परिवर्तन गर्छन्, र केही हारले दलहरुलाई आफ्नो राजनीतिक यात्रा, संगठनात्मक संस्कार र जनतासँगको सम्बन्धमाथि पुनर्विचार गर्न बाध्य बनाउँछन्। जसलाई राजनीति शास्त्रमा रूपान्तरणको निर्णायक मोडका रूपमा व्याख्या गर्न सकिन्छ।

नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले हालै पार्टीको आन्तरिक बैठकमा व्यक्त गरेका विचारलाई यदि कार्यान्वयनको तहमा लैजाने हो भने यस्तै एउटा निर्णायक मोडको रुप लिन सक्छ। उनका अभिव्यक्तिहरूमा प्रतिपक्षप्रतिको आरोपभन्दा आफ्नै कमजोरीको स्वीकारोक्ति बढी सुनियो। पार्टीको वर्गीय आधार खस्किएको, जनविश्वास कमजोर भएको, कमिटी प्रणाली निष्क्रिय बनेको, सरकारमुखी कार्यशैली हाबी भएको र नयाँ पुस्तासँग सम्बन्ध कमजोर बनेको स्वीकार गर्नु कुनै सामान्य राजनीतिक अभिव्यक्ति होइन। यो आत्मसमीक्षाको आरम्भ हो। तर राजनीतिमा आत्मसमीक्षाको मूल्य त्यसले जन्माउने परिवर्तनले निर्धारण गर्छ।

**वर्गीय आधार गुमाउनु :**

महासचिव शंकर पोखरेलले आफ्नो आत्मसमीक्षाको केन्द्रमा केही सैद्धान्तिक प्रश्न उठाएका छन्। त्यो हो कम्युनिष्ट पार्टीले जुन वर्गका लागि राजनीति गर्‍यो त्यो वर्ग पार्टीसँग रहेन। यही साउन १० गते पार्टीको लुम्बिनी प्रदेशको पूर्ण बैठकमा उनले भनेका छन्- "हामीले जुन वर्गलाई राजनीति गर्दै आयौँ, त्यो वर्ग नै हामीसँग रहेन। हामीलाई भूमिहीनले विश्वास गरेनन्। किसानले विश्वास गरेनन्। शिक्षकहरू टाढिए। विद्यार्थीहरू हामीसँग रहेनन्। विदेशिएका श्रमजीवी युवाले पनि हाम्रो पार्टीलाई आफ्नो पार्टी ठानेनन्।"

यो स्वीकारोक्ति केवल निर्वाचनको समिक्षामात्र होइन; एउटा वामपन्थी दलको सामाजिक आधार खस्किएको राजनीतिक निष्कर्ष हो। यहाँ फ्रान्सेली राजनीतिशास्त्री मौरिस डुभरगरको 'मास पार्टी थ्योरी' अत्यन्त सान्दर्भिक देखिन्छ। उनका अनुसार जनआधारित राजनीतिक दलको वास्तविक शक्ति संसद्, सरकार वा नेताको लोकप्रियतामा होइन, किसान, श्रमिक, विद्यार्थी, शिक्षक, महिला, युवा र स्थानीय संगठनहरूसँगको जीवन्त सम्बन्धमा हुन्छ। जनताको सक्रिय सहभागिता, वैचारिक प्रतिबद्धता र संगठनात्मक गतिशीलता नै त्यस्ता दलहरूको मेरुदण्ड हो।

एमालेको ऐतिहासिक विकासक्रम हेर्दा यही नै सत्य हो। किसान आन्दोलन, शिक्षक आन्दोलन, विद्यार्थी आन्दोलन, भूमिहीन र श्रमिक समुदायसँगको निरन्तर सम्बन्धले नै यो दललाई नेपालको सबैभन्दा संगठित राजनीतिक शक्तिमध्ये एक बनाएको थियो। तर महासचिवको स्वीकारोक्तिले देखाउँछ कि यही सामाजिक आधार क्रमशः कमजोर बन्दै गएको छ। पार्टीसँग संगठन रह्यो, तर संगठनलाई जीवन दिने वर्गीय ऊर्जा कमजोर हुँदै गयो। यही कारणले उनले भने- हामीले यो पटक इतिहासमा सवैभन्दा ठूलो पराजय व्यहोर्नुपर्‍यो।

**सत्तामुखी राजनीति र जनताबाट दूरीः**

शंकर पोखरेलको अर्को स्वीकारोक्ति छ - "हामी सत्तामा रहँदा सरकारका माध्यमबाट बलियो हुन खोज्यौँ। अर्थात् हामी जनताकहाँ जाने होइन, जनता हामीकहाँ आउने बनायौँ। हाम्रो कार्यशैली उल्टो भयो। अर्थात् हामी सत्तामुखी भयौँ, जनतामुखी भएनौँ।"

यो पनि पार्टीको कार्यशैलीमाथि गरिएको कठोर समीक्षा हो। सरकारलाई संगठनको विकल्प ठान्ने प्रवृत्तिले दललाई सत्तासँग जोड्यो, समाजसँग जोडेन। इटालियन मार्क्सवादी चिन्तक तथा राजनीतिक दार्शनिक एन्टोनियो ग्राम्सीले भनेका छन्- कुनै पनि राजनीतिक दलले केवल राज्यसत्ता नियन्त्रण गरेर दीर्घकालीन नेतृत्व कायम राख्न सक्दैन। खासमा पुराना सवै पार्टीहरुले समाजको वैचारिक, नैतिक र सांस्कृतिक नेतृत्व गर्न सकेनन्। बरु नागरिक समाजलाई राजनीतिक संघर्षको केन्द्र माने।

महासचिव पोखरेलले अर्को प्रसंगमा भनेका छन्- "उत्पीडित वर्गको नेतृत्व युट्युबरहरूले गरे"। यो पनि वैचारिक नेतृत्व गुमेको स्वीकारोक्ति हो। एक समय किसान, विद्यार्थी र श्रमिक आन्दोलनको नेतृत्व गर्ने राजनीतिक दल डिजिटल युगको जनमत निर्माणको प्रक्रियामा पछाडि पर्दै गयो। आज सूचना प्रविधि, सामाजिक सञ्जाल र वैकल्पिक सञ्चारमाध्यमहरू नै जनमत निर्माणका मुख्य क्षेत्र बनेका छन्। जव यस्ता माध्यमहरुमा राजनीतिक दलहरुले प्रभावकारी उपस्थिति कायम गर्न सक्दैनन्, त्यतिबेला वैचारिक नेतृत्व स्वतः अरूले कब्जा गर्न पुग्छन्।

ग्राम्सीले यस अवस्थालाई हेजेमोनी अर्थात् वैचारिक, नैतिक र सांस्कृतिक नेतृत्वको प्रश्नसँग जोडेर व्याख्या गर्छन्। कुनै पनि राजनीतिक दल केवल सरकारमा पुगेकै भरमा दीर्घकालीन रूपमा बलियो बन्न सक्दैन; समाजको विश्वास, बौद्धिक नेतृत्व र नैतिक विश्वसनीयता पनि जित्नुपर्छ। जब समाजको विचार निर्माण गर्ने भूमिका राजनीतिक दलबाट सरेर अन्य समूह, व्यक्तित्व वा डिजिटल माध्यमतर्फ जान्छ, तब दलको सत्ता बाँकी रहे पनि उसको वैचारिक नेतृत्व कमजोर हुन थाल्छ।

**कमिटी प्रणाली ध्वस्त हुनुः**

मान्छे कमिटीमा छ, तर उसले कमिटीमा रहेको अनुभूति गर्दैन। बरु माथिकालाई दोष दिएर उम्कन्छ। पार्टीको पदाधिकारी छ, तर अध्यक्षलाई दोष दिन्छ। यस्तो किन भयो भने पार्टी निर्णयहरु कमिटीले गरेनन्। अर्थात् कमिटीमा छलफल नै भएन।

महासचिव पोखरेलले भनेजस्तै "नेकपाकालदेखि कमिटी प्रणाली भत्कियो। दुई अध्यक्षले निर्णय गरेपछि कार्यान्वयन हुने भयो र यो संस्कार तलसम्म फैलियो। यसले गर्दा कार्यकर्ताको कुरा सुनिने वातावरण कमजोर भयो।" यो अभिव्यक्ति पार्टीको आन्तरिक लोकतन्त्रमाथिको गम्भीर समालोचना हो।

जब एउटा लोकतान्त्रिक पार्टी र संगठनहरूमा केही व्यक्ति केन्द्रित हुने गरी निर्णय गर्ने प्रवृत्तिको विकास हुन्छ, त्यसको परिणाम यस्तै हुने हो। नेतृत्व शक्तिशाली बन्दै जाने र अल्पतन्त्रको हुकुम चल्न थालेपछि कार्यकर्ताको भूमिका कमजोर हँदै जान्छ र उनीहरु क्रमशः किनारा लाग्न थाल्छन्।

महासचिवले कमिटीलाई निर्णय गर्न सक्षम बनाउने र सिर्जनात्मक पहललाई प्रोत्साहन गर्ने कुरा गरेका छन्। यो स्वागतयोग्य कुरा हो। तर यसको कार्यान्वयन कहिलेदेखि हुन्छ ?

यहाँनिर हेक्का राख्नैपर्ने कुरा के छ भने पार्टीलाई पुनर्जीवित गर्ने अधिकार प्रत्यायोजन त गर्नैपर्छ, त्यसवाहेक संस्थागत संस्कार पनि परिवर्तन गर्नुपर्छ।

महासचिवले बैठकमा भनेका छन्-"अब हरेक कमिटीले आफैँ निर्णय गर्नुपर्छ। माथिबाट लाद्ने कुरा हुँदैन। स्थानीय चुनावमा उम्मेदवार पनि स्थानीय कमिटीले नै छनोट गर्नुपर्छ। कमिटीहरुले पनि आफैँ सिर्जनात्मक भएर काम गर्नुपर्छ।" यो भनाइ पनि व्यवहारमा लागु हुन सक्यो भने शायद यसले सकारात्मक सन्देश प्रवाह गर्नेछ।

आखिरी संस्थागत विकास कमजोर भएकै कारणले व्यक्तिको प्रभाव बढ्ने, निर्णय प्रक्रिया साँघुरिने, र स्थानीय संगठनहरू सिर्जनात्मक नभई आदेश पालना गर्ने संरचनामा सीमित भएका हुन्।

**पार्टीमा कार्टेलिङ् प्रणालीः**

महासचिव पोखरेलको अर्को स्वीकारोक्ति थियो- हामीले सरकारका माध्यमबाट पार्टी बलियो बनाउन खोज्यौँ। हामीले खोजेको सिडिओ र रोजेको हाकीम खोज्यौं। सामाजिक सुरक्षा, विकास आयोजना वा सरकारी कार्यक्रमका आधारमा जनताले आफूहरूलाई समर्थन गरिरहने अनुमान गरेर बस्यौं। तर शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन र न्यायजस्ता आधारभूत अपेक्षामा विश्वास कायम राख्न सकेनौं। हरेक कमिटीमा राम्रो होइन, आफ्नो मान्छे खोज्यौं। कतिपय राजनीतिशास्त्रीहरुले यसलाई "कार्टेल सिद्धान्त" अर्थात् पार्टीमा हुने कार्टेलिङ् प्रणाली भनेका छन्। हो त्यही भयो नेकपा एमालेमा।

राजनीतिक दलहरू जव पार्टी सदस्य, आन्दोलन र सामाजिक आधारभन्दा राज्यस्रोत, सरकारी संरचना र प्रशासनिक पहुँचमा निर्भर हुन थाल्छन्, त्यतिबेला दलहरुको संगठनात्मक ऊर्जा जनताबाट होइन, सत्ताबाट प्राप्त हुन थाल्छ। परिणाम दल र समाजबीचको जैविक सम्बन्ध कमजोर हुँदै जान्छ।

**डिजिटल युग, नयाँ पुस्ता र बदलिँदो राजनीतिक प्रतिस्पर्धा**

महासचिव पोखरेलले उठाएको अर्को प्रश्न थियो- "सूचना प्रविधि अबको राजनीतिको मुख्य आधार हो र यसलाई वर्गसंघर्षको माध्यम बनाउनु पर्छ।" उनले स्वीकारेको तथ्य छ- सामाजिक सञ्जालमा ४० वर्षभन्दा कम उमेरका करिब ७० प्रतिशत नागरिक सक्रिय छन्, तर पार्टीमा ७० प्रतिशत नेतृत्व ४० वर्षभन्दा माथिको छ। यसको अर्थ करिव ७० प्रतिशत शक्ति सामाजिक सञ्जाललाई जनसंवादको माध्यम बनाउन सक्दैन।

विगतमा राजनीतिक दलहरूले जनसभा, जनसंगठन र प्रत्यक्ष सम्पर्कमार्फत जनमत निर्माण गर्थे। आज सूचना प्रविधिले त्यो स्वरूप परिवर्तन गरिसकेको छ। बिचारको प्रतिस्पर्धा डिजिटल माध्यममा छ, जनमत निर्माणको गति तात्कालिक छ, र विश्वसनीयता प्राप्त गर्ने प्रक्रिया पनि बदलिएको छ।

यो शक्तिलाई केवल सदस्य बनाउने वा युवा संगठनको जिम्मेवारी दिने दृष्टिकोण पनि पर्याप्त छैन। नयाँ पुस्ताले सहभागिता, पारदर्शिता, नवप्रवर्तन र प्रत्यक्ष संवाद खोज्छ। यो आवश्यकता पूरा गर्ने सृजनाशील शक्ति पार्टीलाई चाहिएको छ।

त्यसैले सूचना प्रविधिलाई राजनीतिक सहभागिता, नीति निर्माण र संगठनात्मक पुनर्जागरणको माध्यमका रूपमा बुझ्नुपर्ने आवश्यकता छ।

यही सन्दर्भमा उनले स्वीकारेको अर्को तथ्य पनि महत्वपूर्ण छ। उनले भनेका थिए-"युवाका लागि कार्यक्रम बनायौँ, तर प्रभावकारी भएनौँ। समस्या पहिचान भयो, तर समाधान दिन सकेनौँ।" यो आत्मस्वीकारोक्ति आफैमा परिपक्वताको संकेत हो। किनकि कुनै पनि रूपान्तरण समस्याको इन्कारीबाट वा अरुलाई दोष थोपरेर होइन, त्यसको स्पष्ट स्वीकारबाट सुरु हुन्छ। यहीनिर हेक्का राख्नै पर्छ- युवालाई प्रतिनिधित्वका साथै निर्णयमा पहुँचयुक्त बनाउनु पर्छ।

**निष्कर्ष :**

महासचिव शंकर पोखरेलका यी अभिव्यक्तिले पार्टीले आफ्नो वर्गीय आधार, संगठनात्मक संस्कार, जनविश्वास र राजनीतिक कार्यशैलीमाथि पुनर्विचार गर्न थालेको संकेत दिएको छ। यो पहिलो चरणमा त ठिक छ, तर, यो नै समाधान होइन। यसलाई संस्थागत रूपान्तरणमा बदल्नु आजको आवश्यकता हो।

राजनीतिक संस्थाहरू समाजको बदलिँदो अपेक्षा, नयाँ प्रविधि, नयाँ पुस्ता र नयाँ सामाजिक वास्तविकतासँग आफूलाई अनुकूल बनाउन असफल भए भने लोप हुने खतरा रहिरहन्छ। विगतका उपलब्धिमा मात्र आश्रित भएर भविष्यको राजनीति गर्न सकिदैन भनेर जुन दिन थाहा हुन्छ, त्यो दिन रुपान्तरणको प्रक्रिया शुरु हुन्छ। त्यसैले महहासचिवले थाहा पाएको कुरा कमिटीले थाहा पाउँछ कि पाउँदैन ? प्रश्न यहाँ पनि छ।

यदि महासचिवले व्यक्त गर्नुभएको आत्मसमीक्षा व्यवहारमा रूपान्तरण भयो भने यो संकट पुनर्जागरणको अवसर बन्न सक्छ। तर यो वैठकको दस्तावेज वा भाषणमै सीमित रह्यो भने इतिहासले यसलाई गुमेको अर्को अवसरका रूपमा मात्र सम्झनेछ। भनिन्छ, आत्मसमीक्षा आफैँमा उपलब्धि होइन; सुधारको पहिलो पाइला हो।

तर महासचिव शंकर पोखरेलले शायद पहिलोपटक यति स्पष्ट रूपमा आफ्ना कमजोरीको सार्वजनिक रूपमा स्वीकार गरिएका छन् र अब प्रश्न छ, के यी स्वीकारोक्तिहरू संगठनात्मक रूपान्तरणमा बदलिनेछन्, कि फेरि अर्को समीक्षा बैठकका दस्तावेजमै सीमित हुनेछन् ? यसको उत्तर कार्यकर्ताले भाषणबाट होइन, व्यवहारबाट खोजिरहेका छन्।

यदि पार्टीले साँच्चै रूपान्तरणको बाटो रोजेको हो भने सुधारको प्रक्रिया माथिबाट जारी हुने निर्देशनबाट होइन, तलको सुझाव लिने प्रक्रियाबाट सुरु हुनुपर्छ। आजसम्मको अभ्यास माथि बैठक बसेर तल निर्देशनात्मक अपानि जारी गरिन्छ, तर अबका दिनमा तलका बैठक पहिला बस्ने र उनीहरुका सुझाव लिएर माथिको बैठक बस्ने प्रणाली विकास गरी ती सुझावका आधारमा निर्णय गरी अपानी जारी गर्ने काम गर्नुपर्छ।

बैठकदेखि बैठकसम्म अहिलेको प्रणाली हो। पार्टीभित्र निर्णय माथिबाट हुन्छ, कार्यान्वयन तलबाट हुन्छ, मूल्याङ्कन फेरि माथिबाटै हुन्छ। यस्तो हुने भएपछि स्थानीय कमिटीले पहल गर्न सक्दैन, जिल्ला नेतृत्वले जोखिम लिन सक्दैन र कार्यकर्ताले आफ्नो राजनीतिक सृजनशीलता प्रयोग गर्न सक्दैन।

त्यसैले सुधारको पहिलो काम स्थानीय कमिटीको अधिकार पुनर्स्थापनाबाट हुनुपर्ने छ। उम्मेदवार छनोट, संगठन विस्तार, सदस्यता व्यवस्थापन, जनसम्पर्क, स्थानीय आन्दोलन र पार्टी जीवनसँग सम्बन्धित विषयमा स्थानीय तहलाई वास्तविक निर्णय गर्ने अधिकार दिन सकिएन भने "कमिटी प्रणाली पुनर्जीवित गर्ने" घोषणा केवल औपचारिक नारा बन्नेछ। अधिकारविहीन कमिटीले जिम्मेवारी मात्र बोक्छ; नेतृत्व निर्माण गर्न सक्दैन। यसका साथै आत्मसमीक्षा नेतृत्वबाट मात्र होइन, संगठनका सबै तहबाट सुरु हुनुपर्छ। वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय कमिटी सबैले आफ्ना कमजोरी सार्वजनिक रूपमा समीक्षा गर्ने, कार्यकर्ताको आलोचना सुन्ने र आवश्यक सुधार लागू गर्ने राजनीतिक संस्कृतिको विकास नगरी रूपान्तरण सम्भव छैन। लोकतान्त्रिक दलको जीवन शक्ति माथिको आदेशमा होइन, तलको विश्वासमा टिकेको हुन्छ।

अतः संक्षेपमा कमिटी प्रणालीको पुनर्स्थापना, आन्तरिक लोकतन्त्रल , प्रतिनिधित्वका लागि होइन, निर्णयाधिकारसहितको युवा नेतृत्वको प्रवेश, डिजिटल संगठन निर्माण, र वर्गीय पुनःसम्बन्ध स्थापित गर्ने तर्फ ध्यान जानु जरुरी छ।

# मखनटोल टोल विकास संस्थाको पद हस्तान्तरण कार्यक्रम




पाल्पा। मखनटोल टोल विकास संस्था तानसेन पाल्पाको १०औं साधारणसभा तथा पद हस्तान्तरण कार्यक्रम तानसेनमा सम्पन्न भएको छ। कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले मखनटोल टोल विकास संस्था तानसेनमा नमूना उत्कृष्ट टोल विकास संस्था भएको बताए। २०५७ सालमा स्थापना भएको मखनटोल टोल विकास संस्थाले वडा नं. ४ को टोल सरसफाइ, महिला आयआर्जन, महिलाको क्षमता विकासमा महत्वपूर्ण काम गरेको नगर प्रमुख श्रेष्ठले बताए। संस्थाले नियमित रुपमा साधारणसभा, बार्षिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत तथा समयमै नेतृत्व हस्तान्तरण कार्यक्रमले मखनटोल टोल विकास संस्था निरन्तर चलायमान रहँदै आएकोले आगामी दिनमा पनि तानसेन नगरपालिकाले संस्था संग सहकार्य गरेर काम गर्ने नगर प्रमुख श्रेष्ठले बताए।

कार्यक्रममा वडा नं. ४ का वडा अध्यक्ष हेमन्तराज शाक्यले मखनटोल टोल विकास संस्थाको निरन्तर सक्रियता, मिहिनेत, क्रियासिलताको कारणनै तानसेनमा नमूना टोल विकास संस्था बन्न सफल भएको बताए। वडा नं. ४ का महिलाहरुको आय आर्जन, क्षमता विकास तथा सरसफाइको क्षेत्रमा वडा कार्यालयले पनि संस्थासँग समन्वय सहकार्य गरी काम गर्दै आएको वडा अध्यक्ष शाक्यले बताए।

कार्यक्रममा तानसेन नगरपालिकाका प्रशासन प्रमुख भरतराज आचार्यले तानसेनमा सडक खाना महोत्सवको शुरुवात गर्ने, टोलमा नियमित सरसफाइ गर्ने, महिलाहरुलाई सक्रिय बनाउने काम मखनटोल टोल विकास संस्थाले गर्दै आएको जनाए। कार्यक्रममा निवर्तमान अध्यक्ष ज्ञानु कार्कीले संस्थाले गरेका वार्षिक गतिविधि तथा संस्थाको आम्दानी खर्च विवरण सार्वजनिक गरेकी थिइन्। संस्थाकी नव निर्वाचित अध्यक्ष मञ्जु कुँवरको अध्यक्षता, सचिव सुचिता शाक्यको सञ्चालन र पूर्व अध्यक्ष प्रमिला कार्कीको स्वागतमा कार्यक्रम चलेको थियो। यसैगरी मञ्जु कुवँरको अध्यक्षतामा नव निर्वाचित पदाधिकारीको पद हस्तानतरण सम्पन्न भएको छ। संस्थाको सचिवमा सुचिता शाक्य, कोषाध्यक्षमा नमिता थैंव, सह-कोषाध्यक्षमा पवित्रा भट्टराई चयन भएका छन्।

# भेरी अस्पतालमा दुई वर्षदेखि बन्द रहेको सिटी स्क्यान मेसिन सञ्चालन




नेपालगञ्ज। भेरी अस्पताल, नेपालगञ्जमा करिब दुई वर्षदेखि बन्द रहेको सिटी स्क्यान मेशिन आजदेखि सञ्चालनमा आएको छ।

अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. नवीन दर्नालले मेसिन सञ्चालनमा आएपछि सम्पूर्ण सेवाग्राहीले विशेषज्ञ चिकित्सकको सिफारिसअनुसार सिटी स्क्यान सेवा सहज रुपमा अस्पतालबाट प्राप्त गर्न थालेका जानकारी दिए। उनले मेसिन सञ्चालन गर्न करिब एक महिनाको समयावधि लागेको जानकारी दिँदै अब भारतलगायत अन्यत्र क्षेत्रमा बिरामी जाने बाध्यता हट्ने बताए।

उनले भने-"समयमा बिरामीको रोगको पहिचान हुने, उपचारमा सहजता आउने र बिरामीको आर्थिक भारसमेत कम हुने हाम्रो विश्वास छ।" मेडिकल सुपरिटेण्डेण्ट डा. दर्नालले दुई वर्षदेखि सिटी स्क्यान मेसिनको टियुब बिग्रेको र त्यसलाई खरिद गर्न समय लागेको बताए। उनका अनुसार मेसिन सञ्चालनमा आएपछि आज पहिलो दिन पाँच जनाले सेवा लिएका छन्। अस्पतालले पछिल्ला दिनमा सेवा विस्तार, सेवा व्यवस्थापनमा सुधार, आधुनिक उपकरण सञ्चालन, विशेषज्ञ सेवाको सुदृढीकरण, बिरामीमैत्री वातावरण निर्माण तथा सेवाको गुणस्तर र अभिवृद्धिका लागि निरन्तर प्रयास गरिरहेको उनको भनाइ छ।

भेरी अस्पताल नेपालगञ्जमा प्रसूति सेवा लिनेको संख्या उल्लेख्य रुपमा वृद्धि भएको छ। अस्पतालले आर्थिक वर्ष २०८२/८३ मा छ हजार ५९७ जनालाई सुत्केरी सेवा प्रदान गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा पाँच हजार ६०८ जनाले प्रसूति सेवा लिएका थिए। अस्पतालमा चार हजार १४५ जनाले सामान्य प्रसूति सेवा, भ्याकुम/फोर्सेपमार्फत २०५ जनाले र शल्यक्रियामार्फत दुई हजार २४७ जनाले प्रसूति सेवा लिएका मेडिकल सुपरिटेण्डेण्ड डा. दर्नालले जानकारी दिए।

सरकारको सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत प्रसूति सेवा र शल्यक्रिया निःशुल्क भएका कारण सेवा लिनेको संख्या बढेको अस्पतालले जनाएको छ। त्यहाँ कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिलगायत कार्यक्रम सञ्चालन गर्न लागिएको छ। अस्पतालमा प्रसूति सेवा लिने सेवाग्राहीको संख्या बढ्दै गएको छ।

# भरतपुर अस्पतालमा प्रसूति शैया अभाव, सुत्केरी सेवा 'म्याट्रेस' मा

चितवन। भरतपुर अस्पतालमा प्रसूति शय्या अभाव हुँदा सुत्केरी पश्चातको सेवा 'म्याट्रेस' राखेर प्रदान गर्नु परेको छ। गत असार दोस्रो साताबाट आगामी भदौसम्म अस्पतालमा सुत्केरी सेवा लिनेको उच्च चाप हुने गर्दछ। अस्पतालमा प्रसूतिसँग सम्बन्धित शैयाहरु १११ छन्। प्रसूति शल्यक्रियापछि राख्ने 'गाइने'को 'पोष्टअप' २३ शय्या, गाइने शैया २३, जटिल गाइने १०, प्रसूतिपछि राख्ने 'पोष्टनेल' २३, प्रसूति भर्ना चार, प्रसूति 'वेटिङ' १५, प्रसूति 'एक्टिभ' पाँच, 'लेबर' तीन र 'बर्थिङ युनिट' पाँच शय्या छन्।

वरिष्ठ प्रसूति रोग विशेषज्ञ सहप्रध्यापक डा रामप्रसाद सापकोटाका अनुसार अस्पतालमा दैनिक ४० देखि ५० जनाको प्रसूति गराउने गरिएको छ। सुत्केरी हुनुअघि औषधि चलाउँदा शय्यामा राखेर मात्र चलाउने गरिएको छ। त्यसअघि पालो कुर्नका लागि भुइँमा 'म्याट्रेस'मा राख्न बाध्य भएको उनले बताए।

चितवन सहित छिमेकी जिल्लाका प्रसूति सेवा लिनेहरुको पहिलो रोजाइ भरतपुर अस्पताल हुने गर्दछ। अनुभवी नर्सिङ सेवासँगै विज्ञ चिकित्सक र बाल सघन उपचार कक्ष भएकाले प्रसूति गराउनेहरुको रोजाइ भरतपुर अस्पताल हुने गर्दछ। अस्पतालका प्रवक्तासमेत रहेका उनले भने-"अन्य मौसममा प्रसूति गराउन आउनेको संख्या कम हुने भएकाले सहजै शैया पाउने भए पनि यो समयमा गाह्रो हुने गरेको छ।" यही समयका लागि मात्रै शय्या व्यवस्थापन गर्न कठिन हुने भएकाले गर्भवतीले सहज सुविधा पाउन गाह्रो भएको उनले बताए।

# ध्रुवे हात्तीको १०/१० मिनेटमा अनुगमन



चितवन। बस्ती पसेर दैनिक दुःख दिने गरेको जङ्गली हात्ती ध्रुवे दाह्रा काटिएपछि पनि निकुञ्ज भित्रै बस्ने गरेको छ। जनधनको क्षति पुर्‍याएपछि ध्रुवेलाई नियन्त्रणमा लिएर गत असार ३१ गते चितवन राष्ट्रिय निकुञ्ज भित्रको सुखिभार पोष्ट नजिक दुईवटै दाह्रा काटिएको थियो।

सो हात्तीका शरीरमा नयाँ 'रेडियो कलर' जडान गरिएको थियो। निकुञ्जका संरक्षण अधिकृत प्रवीन पौडेलका अनुसार दाह्रा काटिएपछि ध्रुवे निकुञ्जभित्र नै बस्दै आएको छ। सो हात्ती आइतबार बिहान माडीको अमेलिया कृषि फर्म पुगेको स्थानीयवासीले जनाएका छन्। यो क्षेत्र निकुञ्जसँग जोडिएको रिउखोला आडमा पर्दछ। त्यसबाहेक बस्ती पसेर दुःख नदिएको जनाइएको छ। ध्रुवेको १०/१० मिनेटमा अनुगमन गरिएको छ।

निकुञ्ज प्रशासन र सुरक्षार्थ खटिएको नेपाली सेनाको 'अप्रेसन युनिट'ले सो हात्तीको १०/१० मिनेटको सूचना लिइरहेको छ। बस्ती नजिकको निकुञ्जको भागमा पुगेको समयमा निकटका बस्तीका बासिन्दालाई सो सूचना प्रवाह गर्ने गरिएको छ। संरक्षण अधिकृत पौडेलले भने-'कुनै पनि समयमा ध्रुवे बस्ती पस्न सक्ने भएकाले तयारी अवस्थामा रहेका छौँ। हात्तीलाई डार्ट गर्ने क्रममा चढाइएको औषधिले केही समय शिथिल बनाउने भएकाले पहिलाको जस्तो अवस्थामा अहिले ध्रुवे छैन। यसको भरोसा नहुने भएकाले निकुञ्ज प्रशासन चनाखो भएको छ।'

२५ जना मानिसको ज्यान लिएको धुर्वे हात्तीलाई नियन्त्रणमा लिएर दाह्रा काटेपछि उसको गतिविधिमा पनि कमी आएको हो। चौथो पटक ध्रुवेको दाह्रा काट्ने र रेडियो कलर जडान गर्ने काम गरिएको हो। हात्ती बस्ती पसेको सूचना आएमा तुरुन्तै मध्यवर्ती उपभोक्ता समिति, सामुदायिक वन, वडा कार्यालय, स्थानीय टोल लगायतलाई सूचना दिने र सँगै निकुञ्ज सुरक्षा निकायको गस्ती स्थलगत पुगेर निकुञ्जतर्फ धपाउने गरी तयारी गरिएको उनले बताए। हात्तीले गत असार २० गते राति एकैपरिवारका दुई जनाको ज्यान लिएको थियो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार पुनः यो किसिमको घटना हुन नदिन उच्च सतर्कता अपनाइएको छ। यो हात्तीलाई बथानबाट लखेटिएका कारण बस्ती आएको अनुमान गरिएको उनले जनाए। पहिले बथानमा रहँदा हिँड्ने माडीको धोवा, तमोरताल, खोरियामुहान र देउराली क्षेत्रमा अहिले पनि हात्ती जाने गरेको छ।

हात्तीले २०७४ सालमा सेनानीलाई आक्रमण गरेर मारेको थियो। निकुञ्जमा सबैभन्दा बढी मान्छे मार्ने हात्तीका रूपमा परिचित ध्रुवेले २०६८/६९ साल ताका दैनिक जसो मान्छेको ज्यान लिन थालेपछि २०६९ सालको पुस १ गते चितवनका प्रमुख जिल्ला अधिकारीसहितको बैठकले हात्ती मार्न आदेश दिएको थियो। तर, यो हात्ती सेनाको गोलीबाट बच्दै आएको छ। ध्रुवे हात्ती २०६९ सालको कात्तिकदेखि एक महिनाको अन्तरालमा माडीमा मात्रै चार जनाको लगातार ज्यान लिएपछि मार्ने निर्णय गरिएको थियो।

निकुञ्जमा रोनाल्डो, गोविन्दे, धुर्वेलगायतका मत्ता छन्। प्रमुख संरक्षण अधिकृत पुनका अनुसार निकुञ्जभित्र ४५ देखि ५० हात्ती छन्। यिनै हात्तीमध्येबाट निकुञ्ज भित्रका हात्तीलाई प्रजनन् गराइन्छ।

# रोटरी क्लबको वृक्षरोपण तथा स्वास्थ्य शिविर



स्याङ्जा। रोटरी क्लब अफ नक्साल शक्तिद्वारा स्याङ्जामा वृक्षरोपण तथा स्वास्थ्य शिविर सम्पन्न गरिएको छ। स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नं.-१ मा क्लबको सक्रियता तथा अगुवाइमा वृक्षरोपण तथा स्वास्थ्य शिविर सम्पन्न गरिएको हो।

फेदीखालास्थित रामकोट क्षेत्रमा विभिन्न जातका फलफूलसँगै वनस्पतिका बहुमूल्य प्रजातिका १५० बिरुवा रोपण गरिएको छ। बिरुवा रोपण कार्यक्रममा सोही वडाका वडाध्यक्ष अमृत क्षेत्रीले रोपण गरिएका बिरुवाको हेरचाह र संरक्षण गरिने प्रतिबद्धता जनाएका थिए।

वृक्षरोपणपश्चात् फेदीखोला गाउँपालिकामै रहेको अमोर सेवा नेपाल बालगृहमा आश्रित झण्डै ६० जना बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको छ। गण्डकी मेडिकल कलेज पोखराको प्राविधिक सहयोगमा बालबालिकाको निःशुल्क दन्त परीक्षण र सामान्य स्वास्थ्य परीक्षण गरिएको रोटरी क्लब अफ नक्साल शक्तिका अध्यक्ष कृष्ण पौडेलले जानकारी दिए।

बालबालिकाको स्वास्थ्य परीक्षणपश्चात् बालगृहका अध्यक्ष कमला पराजुलीले स्वास्थ्य परीक्षणमा खटिने दन्तरोग, छालरोग विशेषज्ञसहितको स्वास्थ्यकर्मीको टोली, वृक्षरोपणमा समर्पित स्वयंसेवी र आयोजक क्लबप्रति आभार व्यक्त गरेकी थिइन्। क्लबका पदाधिकारीसहित सदस्यहरुको सक्रिय सहभागिता रहेको वृक्षारोपण तथा स्वास्थ्य परीक्षणमा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो।

रोटरी क्लबले समुदायमा आधारित मानव सेवालाई प्राथमिकता राखेर आफ्ना गतिवधि सञ्चालन गर्ने जनाएको छ। क्लबले आगामी दिनमा वृक्षरोपण, दुर्गम क्षेत्रका गरिब तथा विपन्न परिवारलाई लक्षित गर्दै मानसिक, दन्त, बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतनासँगै विद्यालयस्तरीय सहयोगका कार्यक्रमलाई निरन्तरता दिँदै जाने क्लबले जनाएको छ।

**बुटवल उपमहानगरपालिका**
**१२ नं. वडा कार्यालय**
**बुटवल, रुपन्देही**
लुम्बिनी प्रदेश, नेपाल

**यस वडा कार्यालयमा फारम भरेका भूमिहीन दलित/भूमिहीन सुकुम्वासीहरुलाई सम्पर्क गर्न आउने सम्बन्धी १५ दिने सूचना**

(सूचना प्रकाशित मितिः २०८३।०४।१९)

प्रस्तुत विषयमा विगतमा भूमि आयोगबाट लगत संकलनको क्रममा विभिन्न मितिमा यस वडा कार्यालयमा पेश भएका निवेदनको सम्बन्धमा यस वडा कार्यालयको सूचना पाटीमा मिति २०८३।०३।११ मा ७ दिने सूचना प्रकाशित भए बमोजिमका व्यक्तिहरुले आफ्नो र आफ्नो परिवारको सदस्यको स्वामित्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिवारको आयआर्जन, श्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा आफ्नो वा परिवारको कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी अफूलाई भूमिहीन दलित/भूमिहीन सुकुम्वासी भनी स्वघोषणा गर्नु पर्ने र सोही आधारमा मात्र प्रमाणीकारण हुने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वडा कार्यालयमा निवेदक स्वयं उपस्थित हुनु हुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा उपस्थित भई तोकिएको शर्त अनुरुप नगर्ने व्यक्तिहरुको विवरण प्रमाणीकरण गर्न बाध्य नहुने व्यहोरा समेत सूचित गरिन्छ। साथै निवेदकहरुको बिबरण यस वडा कार्यालयको सूचना पाटीमा पुनः टाँस गरिएको व्यहोरा अनुरोध छ।

**तीन दिन ...**

मङ्गलबार कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भू-भाग र मधेस प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

बुधबार पनि कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्र तथा लुम्बिनी प्रदेशका पहाडी र तराईका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको विभागको पूर्वानुमान छ। विभागले आगामी तीन दिन वर्षाको गतिविधि बढ्ने भएकाले विशेष गरी सुन्तला रङले सङ्केत गरिएका जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्कता अपनाउन आग्रह गरेको छ।

**सतर्कता अपनाउन आग्रह**

विभागले काठमाडौँ उपत्यकासहित देशका विभिन्न जिल्लामा बहने स-साना नदी तथा खोलामा बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढी (फ्ल्यास फ्लड) को जोखिम रहेकाले सतर्कता अपनाउन आग्रह गरेको छ।

विभागको बाढी पूर्वानुमान महाशाखाका अनुसार काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक भएर बहने स-साना नदी तथा खोलामा बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढीको उच्च जोखिम रहेको छ।

त्यसैगरी, ताप्लेजुङ, झापा, धनकुटा, संखुवासभा, सोलुखुम्बु, उदयपुर, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, म्याग्दी, स्याङ्जा, पाल्पा, गुल्मी, चितवन, नवलपरासी (पूर्व), नवलपरासी (पश्चिम) तथा आसपासका जिल्लाबाट बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढीको मध्यम जोखिम रहने पूर्वानुमान गरिएको छ।

विभागले उच्च जोखिम भएका क्षेत्रमा नदी तटीय बस्ती, होचा भूभाग तथा खोलानाला आसपासका बासिन्दालाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। आवश्यक परे सुरक्षित स्थानमा जान तयारी अवस्थामा रहन तथा स्थानीय प्रशासन र सम्बन्धित निकायबाट जारी हुने सूचना तथा पूर्वसूचना नियमित रूपमा पालना गर्न पनि विभागले अनुरोध गरेको छ।

यस्तै, मध्यम जोखिम रहेका जिल्लामा नदी तथा खोलाको सतह बढ्न सक्ने भएकाले नदी किनारमा अनावश्यक आवत-जावत नगर्न, यात्रा गर्दा सावधानी अपनाउन तथा सम्भावित जोखिमबारे अद्यावधिक सूचना लिँदै सुरक्षित रहन विभागले आग्रह गरेको छ।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# जनशक्ति अभावबिच अपराध नियन्त्रणमा सक्रिय प्यूठान प्रहरी

पाँच वर्षयता मुद्दा दर्ता उच्च, आत्महत्या बढ्दो, अनुसन्धान, फैसला कार्यान्वयन र साइबर अपराध नियन्त्रणमा प्रगति ।



**लवकुमार अधिकारी**

*प्यूठान*

जिल्ला प्रहरी कार्यालय प्यूठानले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । आइतबार प्रहरी कार्यालयस्थित पत्रकार सम्मेलन गर्दै सीमित जनशक्तिका बाबजुद शान्ति सुरक्षा, अपराध अनुसन्धान, फैसला कार्यान्वयन, साइबर अपराध नियन्त्रण तथा सामुदायिक प्रहरी कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाएको बताइएको हो । पत्रकार भेटघाटमार्फत् सार्वजनिक गरिएको विवरणमा जिल्लामा अपराध दर्ता र आत्महत्याका घटना बढ्दो देखिए पनि अनुसन्धान, फरार प्रतिवादी पक्राउ, राजस्व संकलन तथा सेवा प्रवाहमा उल्लेखनीय उपलब्धि हासिल भएको जानकारी दिइएको छ ।

**एक प्रहरीको जिम्मामा ६ सय ८१ नागरिक**

जिल्लाको कुल जनसंख्या २ लाख ३२ हजार १ सय ९१ रहेको प्यूठानमा ट्राफिक प्रहरीबाहेक ३ सय ४१ जना प्रहरी कर्मचारी कार्यरत छन् । ट्राफिकतर्फ १५ जना तथा प्रहरी कार्यालय सहयोगीसहित कुल ३५६ जनशक्ति परिचालित रहेको प्रहरीले जनाएको छ । यसअनुसार एक जना प्रहरी कर्मचारीले औसत ६ सय ८१ जना नागरिकको सुरक्षा जिम्मेवारी बहन गरिरहेका छन् भने १ हजार ३०९ वर्ग किलोमिटर क्षेत्रफल रहेको जिल्लामा एक प्रहरीको औसत जिम्मेवारी क्षेत्र ३.८४ वर्ग किलोमिटर रहेको छ ।

**पाँच वर्षयता सबैभन्दा बढी मुद्दा दर्ता**

आर्थिक वर्ष २०७८/०७९ मा २१२, २०७९/०८० मा १७४, २०८०/०८१ मा २०६, २०८१/०८२ मा २२० र आर्थिक वर्ष २०८२/०८३ मा २७२ वटा मुद्दा दर्ता भएका छन् । पछिल्लो वर्ष दर्ता भएका २ सय ७२ मुद्दामध्ये १ सय ४९ वटा फछ्र्योट भएका छन् भने १ सय २३ वटा मुद्दा अनुसन्धानकै क्रममा रहेका छन् ।

दर्ता भएका मुद्दामध्ये अन्य प्रकृतिका ५७ आत्महत्यासम्बन्धी ५१ भवितव्य ज्यानका ४६ फुटकर ज्यानका १८ सवारी ज्यानका १७ जबर्जस्ती करणीका १४ बैंकिङ कसुरका १२ कर्तव्य ज्यानका ८ ज्यान मार्ने उद्योगका ७ तथा जबर्जस्ती करणी उद्योगका २ वटा मुद्दा रहेका छन् ।

**आत्महत्याका घटना बढ्दो**

प्रहरीका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाभर ९१ जनाले आत्महत्या गरेका छन् । अघिल्लो दुई वर्षमा क्रमशः ७९ र ७८ जनाले आत्महत्या गरेका थिए ।

स्थानीय तहअनुसार प्यूठान नगरपालिकामा १९ स्वर्गद्वारी नगरपालिकामा १५ मल्लरानी गाउँपालिकामा १५ झिमरुकमा ९ नौबहिनीमा ९ सरुमारानीमा ८ ऐरावतीमा ७ गौमुखीमा ५ तथा माण्डवी गाउँपालिकामा ४ वटा आत्महत्याका घटना भएका छन् ।

आत्महत्या गर्नेमध्ये ८५ जनाले झुन्डिएर ४ जनाले विष सेवन गरेर १ जनाले हाम फालेर र १ जनाले आगो लगाएर ज्यान गुमाएका छन् ।

**अपराध अनुसन्धानमा उच्च सफलता**

गत आर्थिक वर्ष दर्ता भएका मुद्दामा १ सय ६१ जना प्रतिवादी रहेकामा १ सय ५३ जना पक्राउ परेका छन् भने ८ जना फरार छन् । अनुसन्धानका क्रममा २ सय ४७ जनालाई २४ घण्टा हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।

**फरार प्रतिवादी पक्राउ र फैसला कार्यान्वयन**

आर्थिक वर्ष २०८२/०८३ मा ६० जना फरार प्रतिवादी पक्राउ परेका छन् । उनीहरूबाट ६ लाख २७ हजार १६७ रुपैयाँ ४० पैसा जरिवाना असुल गरिएको छ भने २२ वर्ष २ महिना २६ दिन बराबरको कैद सजाय कार्यान्वयन गरिएको छ ।

यसैगरी जनआन्दोलनका क्रममा कारागारबाट फरार भई प्यूठान स्थायी ठेगाना भएका १८ प्रतिवादीमध्ये ९ जना पक्राउ परिसकेका छन् भने बाँकीको खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

**साइबर अपराधमा २९ लाखभन्दा बढी ठगी**

विद्युतीय अपराधसम्बन्धी ४३ वटा निवेदन दर्ता भएकामध्ये १७ वटा फछ्र्योट गरिएको छ । साइबर ठगीमार्फत २९ लाख ३९ हजार २७० रुपैयाँ ठगी भएकोमध्ये ११ लाख ११ हजार ४८० रुपैयाँ पीडितलाई फिर्ता गराइएको छ भने १७ लाख २७ हजार ७९० रुपैयाँ फिर्ता हुन बाँकी रहेको छ ।

फेसबुक ह्याकका १७ तथा टिकटक ह्याकका ५ वटा निवेदन प्राप्त भएकामा सबै आइडी बन्द गराइएको प्रहरीले जनाएको छ । हराएका ४० मोबाइलसम्बन्धी निवेदनमध्ये १७ वटा मोबाइल फेला पारिएको छ ।

**अवैध हतियार बरामद र महिला–बालबालिका उजुरी फछ्र्यौट**

आर्थिक वर्षभर ८० थान भरुवा बन्दुक (६२ साभुत र १८ बेरुवा) तथा ३ थान पेस्तोल बरामद गरिएको प्रहरीले जनाएको छ ।

महिला तथा बालबालिकासम्बन्धी ३४ वटा उजुरी सबै मिलापत्रमार्फत् टुंग्याइएको छ । हराएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी १ सय २४ उजुरीमध्ये १ सय २३ जनालाई फेला पारिएको छ भने एक जनाको खोजी जारी रहेको कार्यालयले जनाएको छ ।

**४४ लाखभन्दा बढी राजस्व संकलन**

प्रहरीले ट्राफिक कारबाही, अवैध ओसारपसार, नदीजन्य पदार्थको अवैध उत्खनन, कर छली तथा अवैध वन पैदावार नियन्त्रणलगायतका कारबाहीबाट आर्थिक वर्षभर ४४ लाख २७ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

यस अवधिमा ३ हजार ९ सय ६१ वटा ट्राफिक कारबाही गरिएको छ । अवैध नदीजन्य पदार्थ उत्खननमा संलग्न २२ वटा सवारी नियन्त्रणमा लिई २ लाख ६ हजार रुपैयाँ तथा अवैध काठ, कपडा लगायतका सामग्री नियन्त्रणबाट ८ लाख ६० हजार १२२ रुपैयाँ राजस्व संकलन गरिएको छ ।

**८ सय ७३ सचेतनामूलक कार्यक्रम सञ्चालन**

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत लागूऔषध नियन्त्रण, साइबर अपराध, लैङ्गिक हिंसा, आत्महत्या न्यूनीकरण तथा नागरिक सुनुवाइसम्बन्धी ८७३ कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ । ती कार्यक्रमबाट २१ हजार १२० जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

**भौतिक पूर्वाधार र सुरक्षा प्रविधिमा विस्तार**

गत वर्ष जिल्ला प्रहरी कार्यालय परिसरस्थित भैरव मन्दिर पुनर्निर्माण, मेस तथा ब्यारेक भवन मर्मत, कम्पाउन्ड पर्खाल पुनर्निर्माण, अस्थायी प्रहरी पोष्ट बाग्दुलाको भवन मर्मत, आवश्यक फर्निचर खरिद तथा जिल्लाका विभिन्न स्थानमा ६ वटा सीसीटीभी क्यामेरा जडान गरिएको प्रहरीले जनाएको छ ।

पत्रकार भेटघाटमा जिल्ला प्रहरी कार्यालयले सीमित जनशक्तिका बाबजुद नागरिक सुरक्षा, अपराध नियन्त्रण तथा शान्ति सुव्यवस्था कायम राख्न निरन्तर सक्रिय रहेको उल्लेख गर्दै आगामी दिनमा प्रविधिमैत्री प्रहरी सेवा, सामुदायिक सहकार्य र अपराध नियन्त्रणलाई अझ प्रभावकारी बनाइने जनाएको छ । जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रमुख नरहरी अधिकारी हुन् ।



पशुपतिनाथमा भक्तजनः

साउनको तेस्रो सोमबार पशुपतिनाथ मन्दिरमा भगवान शिवको पूजा आराधना तथा दर्शन गर्न आएका भक्तजन । साउन महिना भगवान शिवको महिना मानिन्छ । यो महिनामा पर्ने हरेक सोमबार पशुपतिनाथ मन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ । तस्विरः रासस

# लुम्बिनीमा राष्ट्रियस्तरको ‘लुम्बिनीएक्स’ ह्याकाथन हुँदै



बुटवल । लुम्बिनीमा पहिलोपटक राष्ट्रियस्तरको ४८ घण्टे ‘लुम्बिनीएक्स’ ह्याकाथन आयोजना हुने भएको छ। साउन २३ देखि २५ गतेसम्म सञ्चालन हुने ह्याकाथनबारे आयोजकले सोमबार पत्रकार सम्मेलनमार्फत् जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै लुम्बिनी सिटी कलेजका सहायक प्राचार्य नारायणप्रसाद भुसालले कलेजका विद्यार्थीहरूको आयोजनामा राष्ट्रियस्तरको प्रविधिमूलक प्रतियोगिता हुन लागेको बताए । उनले यस्ता कार्यक्रमले विद्यार्थीको सिर्जनशीलता, अनुसन्धान क्षमता र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुका साथै लुम्बिनीलाई प्रविधि र नवप्रवर्तनसँग जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

आयोजकका अनुसार ह्याकाथनको उद्देश्य लुम्बिनीको आध्यात्मिक तथा ऐतिहासिक पहिचानलाई आधुनिक प्रविधिसँग जोड्दै नेपाली युवालाई नवीन सोच विकास गर्न, वास्तविक समस्याको समाधान खोज्न तथा प्रविधिको क्षेत्रमा नयाँ अवसर सिर्जना गर्नु हो। कार्यक्रममार्फत लुम्बिनीलाई आध्यात्मिक केन्द्रसँगै प्रविधि र नवप्रवर्तनको सम्भावना बोकेको गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।

कार्यक्रमको आयोजना लुम्बिनी एलिट उपभोक्ता समिति ले गरेको हो, जुन लुम्बिनी सिटी कलेजका १५ जना सक्रिय विद्यार्थीद्वारा गठित टोली हो । कार्यक्रमको मुख्य प्रायोजक लुम्बिनी सिटी कलेज रहेको छ भने ४० भन्दा बढी संस्था तथा समूह साझेदार र सहयोगीका रूपमा आबद्ध छन् । कार्यक्रमको संयोजन आयुष धापागाईं र आविष्कार ढेंगाले गरेका छन् भने निशान्त भुटेल सचिव र आयाम रेग्मी निर्देशक रहेका छन् ।

आयोजकका अनुसार देशभरका विद्यालय, कक्षा १२ तथा स्नातक तहका विद्यार्थीबाट ११८ टोलीको आवेदन परेको थियो । आवेदनमा प्रस्तुत नवीन अवधारणा, टोलीको संरचना, अनुभव तथा अन्य मापदण्डका आधारमा उत्कृष्ट १० टोली छनोट गरिएको छ । आवेदन निःशुल्क रहे पनि छनोट भएका टोलीले सहभागिताका लागि प्रति टोली तीन हजार पाँच सय रुपैयाँ शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । हाल छनोट भएका टोलीको सहभागिता पुष्टि गर्ने प्रक्रिया जारी रहेको आयोजकले जनाएको छ ।

कार्यक्रम साउन २३ र २४ गते लुम्बिनी सिटी कलेजमा सञ्चालन हुनेछ । यस अवधिमा सहभागीले सङ्केत लेखन (कोडिङ), अनुसन्धान, डिजाइन तथा परियोजना विकासमा काम गर्नेछन् । अन्तिम दिन साउन २५ गते मायादेवी मन्दिर र सेतो मन्दिर नजिक रहेको लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय कार्यालयमा अन्तिम प्रस्तुति, मूल्याङ्कन, पुरस्कार वितरण तथा समापन कार्यक्रम आयोजना गरिनेछ । सहभागी टोलीलाई तीन दिनका लागि आवास, भोजन, लुम्बिनी भ्रमण तथा आवश्यक व्यवस्थापन गरिने आयोजकले जनाएको छ ।

प्रतिस्पर्धालाई निष्पक्ष बनाउन ह्याकाथनको मुख्य विषय कार्यक्रम सुरु हुनुभन्दा एक दिनअघि मात्र सार्वजनिक गरिनेछ । त्यसपछि सहभागी टोलीले सोही विषयमा आधारित समाधान विकास गर्नुपर्ने व्यवस्था गरिएको छ । आयोजकका अनुसार यसले पूर्वतयार परियोजना प्रस्तुत गर्ने सम्भावना हटाई सबै टोलीलाई समान अवसर प्रदान गर्नेछ । कार्यक्रमले सङ्केत लेखनसँगै समस्या पहिचान, अनुसन्धान, नवीन सोच तथा प्रविधिमार्फत व्यावहारिक समाधान विकास गर्ने क्षमतामा पनि जोड दिनेछ ।

पुरस्कारतर्फ प्रथम हुने टोलीले ६० हजार रुपैयाँ, द्वितीयले ४० हजार रुपैयाँ र तृतीयले २५ हजार रुपैयाँ नगदसहित अवार्ड र प्रमाणपत्र प्राप्त गर्नेछन् । ‘लुम्बिनीएक्स विशेष पुरस्कार’ अन्तर्गत १५ हजार रुपैयाँको विशेष पुरस्कार पनि प्रदान गरिनेछ । कुल पुरस्कार राशि दुई लाख रुपैयाँ रहेको आयोजकले जनाएको छ । यसका अतिरिक्त उत्कृष्ट १० टोलीका सदस्यलाई कृत्रिम बुद्धिमत्तामा आधारित विभिन्न सशुल्क सफ्टवेयरको सुविधा, अनलाइन डिजाइन सेवा, क्लाउड होस्टिङ तथा परियोजना सञ्चालन सेवा, विभिन्न प्रविधिसम्बन्धी सामग्री तथा चलचित्रका टिकट उपलब्ध गराइनेछ । साथै, योग्यता पुगेका चार जना सहभागीलाई बेलायतस्थित एनसीसी एजुकेसनमार्फत् कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षासम्बन्धी अध्ययन अवसर प्रदान गरिने आयोजकले जनाएको छ ।

# यादव कार्यवाहक र हरिजन कार्यवाहक उपाध्यक्ष



**गौरीशंकर जयसवाल**

*परासी*

नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा कार्यवाहक अध्यक्ष र उपाध्यक्षको जिम्मेवारीमा पद ग्रहण गरेका छन् । अध्यक्ष र उपाध्यक्ष दुवै पद रिक्त भएपछि कार्यपालिकाको शुक्रबार बसेको बैठकले बहुमतको आधारमा वडा नम्बर ६ का अध्यक्ष कृष्णचन्द्र यादवलाई कार्यवहाक अध्यक्ष र कार्यपालिका सदस्य अनामिकादेवी हरिजनलाई कार्यवाहक उपाध्यक्षको जिम्मेवारी तोकेको थियो ।आज दुई जनाऔपचारिक रूपमा पद ग्रहण गरेका हुन् ।

पद ग्रहणगर्दै कार्यवाहक अध्यक्ष यादवले पालिकामा सबैको सल्लाह, सुझाव र सहकार्यमा अघिवढ्ने बताए । कुनै कमी कमजोरी भए सबै पक्षबिच बसेर समाधानको पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यस्तै कार्यवाहक उपाध्यक्ष हरिजनले पालिकाको बाँकी कार्यकाल सफल बनाउन सवैको सहकार्य आवश्यक पर्ने भएकोले सबैसँगको सल्लाह र सुझावमा काम गर्ने प्रतिबद्धता व्यक्त गरिन । यसअघि गाउँपालिका अध्यक्ष गुप्ताविरुद्ध पदको दुरुपयोग गरी गैरकानूनी सम्पत्ती आर्जन गरेको आरोपमा विशेष अदालतमा मुद्दा दर्ता भएपछि निलम्बनमा परेका हुन् । उपाध्यक्ष फातिमा खातुन अन्सारी असार ९ गते पदमुक्त भएका थिइन् । यस्तै उपाध्यक्ष अन्सारी गत प्रतिनिधि सभा निर्वाचनमा अन्यदललाई मतमागेको आरोपमा अन्सारी निर्वाचित दल नेपाली काँग्रेसको सिफारिसमा निर्वाचन आयोगले पदमुक्त गरेको हो ।

अहिले १४ जना कार्यपालिका सदस्य रहेको गाउँपालिकामा अध्यक्ष गुप्ता र उपाध्यक्ष अन्सारी पदमुक्त भएपछि कार्यपालिका सदस्य संख्या १२ पुगेको छ । जसमा नेकपा माओवादीका ७ जना, लोसपाका ३ जना र नेपाली काँग्रेसका २ जना रहेकाछन् ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# नेपालगञ्ज नाकाबाट ८४ करोडको जडीबुटी निर्यात

नेपालगञ्ज । देशकै प्रमुख जडीबुटी निकासी नाका मानिएको नेपालगञ्ज नाकाबाट गत आर्थिक वर्ष २०८२/८३ मा ३७ लाख किलोभन्दा बढी जडीबुटी निर्यात भएको छ । नेपालगञ्ज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षमा यस नाकाबाट ८४ करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न प्रकारका ३७ लाख किलोभन्दा बढी जडीबुटी निर्यात भएको हो ।

नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले देशमै सबैभन्दा बढी जडीबुटी निर्यात हुने यस नाकाबाट गत आर्थिक वर्षमा ८४ करोड २६ लाख ७४ हजार रुपियाँ बराबरको ३७ लाख तीन हजार ८६१ किलो विभिन्न प्रकारका जडीबुटी निर्यात भएको जानकारी दिए ।

उनले पछिल्ला केही वर्षयता जडीबुटीको निर्यात पुनः बढ्दै गएको बताउँदै यसबाट पश्चिम नेपालका जडीबुटी उत्पादन गर्ने किसान, सङ्कलक तथा व्यवसायी उत्साहित भएको जनाए ।

प्रमुख पौडेलका अनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यस नाकाबाट ८३ करोड ६४ लाख ७० हजार रुपियाँ बराबरको जडीबुटी निर्यात भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा७९ करोड ४८ लाख ८२ हजार रुपियाँ बराबरको जडीबुटी निर्यात भएको थियो । पछिल्ला केही वर्षयता जडीबुटी निकासी प्रक्रियामा सहजता आएपछि नेपालगन्ज नाकाबाट यसको निर्यात क्रमशः बढ्दै गएको नेपाल जडीबुटी व्यवसायी संघले जनाएको छ ।






सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com